प्रस्तुत छन् प्रमुख समाचार

- संसदको बजेट सत्रअघि आज सर्वदलीय बैठक सम्पन्न, सदनको कार्यवाही सुचारू सञ्चालन गर्न सबैलाई सरकारको आह्वान
- निपाह भाइरसबाट संक्रमित चौध वर्षीय किशोरको मृत्यू
- BSF-अनुसार नेपालका तीनजनासहित लगभग तीन सय तीहतरजना भारतीय विद्यार्थी हिजो त्रिपुरामा दुईवटा एकीकृत जाँच चौकी पार
- इस्रायली प्रधानमन्त्रीले गर्नुभयो आफ्नो देशको रक्षा गर्ने प्रतिबद्धतालाई लिएर भिडियो सन्देश जारी अनि
- मौसम विभागले गऱ्यो गुजरातका केही स्थानमा चौबीस घण्टाका लागि रेड अलर्ट जारी

- **All Party Meeting**

भोलीदेखि शुरू भइरहेको संसदको बजेट सत्रअघि सरकारले दुवै सदनको कार्यवाहीको सुचारू सञ्चालन सुनिश्चित गर्न आज सर्वदलीय बैठक डाक्यो। बैठकपछि संसदीय कार्य मन्त्री श्री किरेन रिजिजूले संवाददाताहरूसितको कुराकानीमा भन्नुभयो,

सरकार कुनै पनि मुद्दामाथि खुल्ला हृदयले चर्चा गर्न तयार छ। उहाँले भन्नुभयो, संसद सुचारू रूपले चलाउनु सरकार र विपक्ष दुवैको जिम्मेरवारी हो। श्री रिजिजूले बैठकमा राम्रो सुझाउ दिएकोमा सदनमा दलका नेताहरूलाई धन्यवाद दिनुभयो। उहाँले सबै दलहरूसित बजेट सत्रको सुचारू सञ्चालनमा सहयोग गर्ने अनुरोध गर्नुभयो।

बैठकमा भाग लिनेहरूमा केन्द्रिय मन्त्रीहरू सर्वश्री राजनाथ सिंह, किरेन रिजिजू, अर्जुन राम मेघवाल, जगत प्रकाश नड्डा, चिराग पासवान, रामदास आठवले र कंग्रेस नेता श्री जयराम रमेश र श्री गौरव गोगोई, राष्ट्रवादी कंग्रेस पार्टी नेता श्री प्रफुल पटेल, DMK नेता श्री TR बालू र श्री तिरुचि शिवा, आम आदमी पार्टीका नेता श्री संजय सिंह, AIMIM-का नेता श्री असदुद्दीन औवेसी शामेल छन्।

संसदको बजेट सत्र आगामी महिनाको बाह्र तारिकसम्म चल्नेछ।

-------------------------------------X-------------------------------------

- **Kerala Nipah**

केरलको मल्लाहपुरम जिल्लामा निपाह भाइरसबाट संक्रमित चौध वर्षीय किशोरको आज विहान निधन भयो। यी किशोर

कोझिकोड मेडिकल कलेज अस्पतालमा भेन्टिलेटरमा थिए। आज बिहान दश बजेर पचास मिनटमा उनलाई हृदयघात हुनका साथै रक्त चापमा गिरावट भएर आन्तरिक रक्तस्राव अथवा Internal bleeding-का कारण मृत्यु भयो। निपाह प्रोटोकलअनुसार उनको अन्तिम संस्कानर गरिनेछ। कोझिकोड विषाणु विज्ञान प्रयोगशाला र पुणेस्थित राष्ट्रिय विषाणु विज्ञान संस्थानद्वारा गरिएको परीक्षणपछि हिजो यी किशोर निपाहले संक्रमित भएको पुष्टि भएको थियो। उनको सम्पर्क सूचीमा लगभग दुई सय छयालीसजना छन्, जसमध्ये तीर्सटभन्दा अधिक खतराको सूचीमा छन्। केरलकी स्वास्थ्य मन्त्री श्रीमती वीणा जर्जअनुसार यस भाइरसलाई फैलिनबाट रोक्न सबै आवश्यक उपाय अपनाइएको छ। स्वास्थ्य अधिकारीहरूले मानिसहरूसित सतर्क रहने र सुरक्षा प्रोटोकलको पालन गर्ने आग्रह गरेका छन्।

--------------------------------------X--------------------------------------

- **Indian Student BSF**

सीमा सुरक्षा बल (BSF)-ले आज भनेको छ, नेपालका तीनजनासहित लगभग तीन सय तीहतरजना भारतीय विद्यार्थीहरूले हिजो बंग्लादेशबाट त्रिपुरामा दुईवटा एकीकृत

जाँच चौकी पार गरेका छन्। बंग्लादेशमा विगत केही दिनदेखि चलिरहेको कोटा विरोधी हिंसक आन्दोलन र बिग्रिँदो कानून एवं व्यवस्थाको स्थितिका कारण विद्यार्थीहरू वापस आफ्नो देश फर्किरहेछन्। मिडियालाई सम्बोधन गर्दै त्रिपुरा फ्रन्टियरका महानिरीक्षक श्री पटेल पीयूष पुरूषोत्तम दासले भन्नुभयो, लगभग तीन सय छात्रहरू सोनामुरा जिल्लाको श्रीमन्तपुर एकीकृत चेकपोस्टबाट अनि छयातरजना अखौरा चौकीबाट फर्किएका छन्। उहाँले भन्नुभयो, तीन सयजना छात्रहरूको अझ एउटा झुण्ड आज देश फर्किनेछ। बांग्लादेशमा ठूलो संख्यामा भारतीय छात्रहरू मेडिकलको अध्ययन गरिरहेछन्।

---------------------------------------X---------------------------------------

- **Bangladesh SC Quota**

यसैबीच, बंग्लादेशको सर्वोच्च न्यायालयले उच्च न्यायालयको आदेशलाई अवैध बताउँदै नागरिक सेवा आवेदकहरूसित सम्बन्धी विवादित कोटा प्रणालीमा रोक लगाएको छ। आफ्नो आदेशमा सर्वोच्च न्यायालयले प्रदर्शनकारी छात्रहरूसित कक्षामा फर्किने आग्रह गरेको छ। यसअघि बंग्लादेशको उच्च

न्यायालयको आदेशपछि सारा देशमा झडप भएको थियो, जसमा लगभग एक सय तेंतीसजनाको मृत्यु भइसकेको छ। सरकारी नोकरीलाई लिएर भड्किएको असन्तोषपछि सरकारले देशभरि कर्फ्यू लगाउनका साथै तत्काल गोली हान्ने आदेश दिएको थियो। बंग्लादेशमा बिहीबारदेखि इन्टरनेट र SMS सेवा निलम्बित छ र बुधवारदेखि विश्वविद्यालय तथा कलेज बन्द छन्।

गत महिनाको पाँच तारिक उच्च न्यायालयको एउटा आदेशपछि विरोध प्रदर्शन शुरू भएको थियो। यस आदेशद्वारा सरकारी नोकरीमा स्वतन्त्रता सेनानीका वंशजहरूका लागि तीस प्रतिशत कोटा रद्द गर्ने वर्ष 2018-को सरकारको आदेशलाई अवैध घोषित गरिएको थियो।

--------------------------------------x--------------------------------------

- **Israel Houthi**

इस्रायलका प्रधानमन्त्री श्री बेन्जामिन नेतन्याहूले प्रत्येक मोर्चामा आफ्नो देशको रक्षा गर्ने प्रतिबद्धतालाई लिएर एउटा भिडियो सन्देश जारी गर्नुभएको छ। श्री नेतन्याहूले टेलीभिजन सम्बोधनमा भन्नुभएको छ, जसले पनि इस्रायललाई नोक्सान पुऱ्याउँछ उसले धेरै कीमत चुकाउनु पर्नेछ। उहाँले इस्रायल र यसका सहयोगीहरूद्वारा गरिएको रक्षा उपायको पनि सराहना गर्नुभयो।

यमनमा हिजो सशस्त्र हूती गुटमाथि इस्रायलको आक्रमणपछि श्री नेतन्याहूले यो सन्देश दिनुभएको हो। इस्रायलको सेनाले रेड सी-स्थित बन्दरगाह शहर हुदेदाहमा प्रमुख तेल भण्डारण र बिजुली प्रतिष्ठानहरूलाई निशाना बनाएको थियो। यमनको हूती गुटका शीर्ष वार्ताकार श्री मोहम्मद अब्दुल सलामले भन्नुभएको छ, इस्रायलको आक्रमणले उहाँको सशस्त्र गुटलाई इस्रायली शहरहरू र पोतहरूलाई निशाना बनाउनबाट रोक्न सक्दैनन्।

---------------------------------------X--------------------------------------

- **Gujarat Rain**

मौसम विभागले गुजरातमा आगामी चौबीस घण्टाका लागि सूरत, नौसारी, वल्साड, दमन, दादरा नगर हवेली, पोरबन्दर,

जूनागढ़, द्वारका, गिर सोमनाथमा रेड अलर्ट जारी गरेको छ। यी क्षेत्रहरूमा राष्ट्रिय आपदा प्रतिक्रिया बलको दश टोली तैनात गरिएको छ। नर्मदा, डांग, भरुच, तापी, राजकोट, जामनगर, अमरेली, भावनगर, कच्छ र दीव जस्ता जिल्लालाई ओरेन्ज अलर्टमा राखिएको छ। मौसम विभागले अघिल्लो चार दिनमा राज्यमा व्यापक वर्षाको अनुमान व्यक्त गरेको छ।
यद्यपि, गुजरातको सौराष्ट्रका क्षेत्रमा बाढ़ीको असर केही कम भएको छ। आज सौराष्ट्रका केही क्षेत्रहरूलाई छोडेर राज्यका केही भागमा सामान्य वर्षा भयो। गिर सोमनाथ जिल्लाको पातंग वेरावलमा आज लगभग चार इन्च वर्षा रिकर्ड भयो।

--------------------------------------X--------------------------------------

- **PM Math Olympiad**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अन्तरराष्ट्रिय गणित ओलिम्पियाडमा भारतद्वारा सर्वश्रेष्ठी प्रदर्शन गर्दै चौथो स्थान प्राप्त गरेकोमा गर्व व्यक्त गर्नुभएको छ। एउटा सोशल मिडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ, भारतीय टोलीले चारवटा स्वर्ण र एउटा रजत पदक जितेको छ। उहाँले भन्नुभएको छ, यस उपलब्धीबाट युवाजमात प्रेरित हुनका साथै गणितलाई अझ अधिक लोकप्रिय बनाउनमा सहयोग मिल्नेछ।

--------------------------------------X--------------------------------------

- **Delhi Development Work**

दक्षिणी दिल्लीबाट भारतीय जनता पार्टीका सांसद श्री रामवीर सिंह बिधूडीले आज राजधानीको गौतमपुरी पुर्नवास कोलोनी क्षेत्रमा तीन करोड रूपियाँको विकास कार्यको आधारशिला राख्नुभयो। यसअन्तर्गत क्षेत्रमा सडकको निर्माण र पानीको निकासीको समस्यासित सम्बन्धित कार्य गरिनेछ।
यस अवसरमा स्थानीयवासीलाई जानकारी दिँदै श्री बिधूडीले भन्नुभयो, क्षेत्रवासीको सुविधाका लागि गरिँदै गरिने यस विकास कार्यअन्तर्गत हालै गरिएको सीवर लाइन पनि चाँड़ै चालू गरिनेछ।

-------------------------------------X-------------------------------------

- **FPI Investment**

जुलाईको पहिलो तीन सप्ताहमा विदेशी निवेशकहरूले भारतीय पूँजी बजारमा चौंवालीस हजार करोड रूपियाँभन्दा अधिकको निवेश गरेका छन्। विदेशी पोर्टफोलियो निवेशक (FPI)-अनुसार निवेशकहरूले तीस हजार सात सय एकहतर करोड रूपियाँ भारतीय शेयर बजार र तेह्र हजार पाँच सय तीह्तर करोड रूपियाँ ऋण बजारमा लगाएका छन्। चालू महिनामा अहिलेसम्म भारतीय पूँजी बजारमा चौंवालीस हजार तीन सय पैंतालीस करोड रूपियाँको शुद्ध निवेश भइसकेको छ।

जून महिनामा शेयर बजारहरूमा छब्बीस हजार पाँच सय पैंसट करोड रूपियाँको निवेश भएको थियो। यसअघि FPI-ले पच्चीस हजार पाँच सय छयालीस करोड रूपियाँ मई महिनामा र आठ हजार सात सय करोड रूपियाँ अप्रेलमा निकालेको थियो।

यस वर्ष अहिलेसम्म शेयर बजारमा शुद्ध तेंतीस हजार नौं सय तीहतर करोड रूपियाँ र ऋण बजारमा बयासी हजार एक सय सन्तनब्बे करोड रूपियाँ हालिसकिएको छ।

--------------------------------------x-------------------------------------

- **Sports**

महिलाहरूको एसिया कप T20 क्रिकेटमा भारतीय टोलीले श्रीलंकाको दमबुलामा भएको खेलमा UAE-माथि अठहतर रनले विजय हासिल गर्दै आफ्नो जितको सिलसिला जारी राखेको छ। UAE-ले टस जितेपछि ब्याटिङ गर्न मैदानमा उत्रिएको भारतीय टोलीले बीस ओभरमा पाँच ह्विकेट गुमाएर दुई सय एक रन बनाएको थियो। भारतको तर्फबाट कप्तान हर्मानप्रित कौरले छयासट र ह्विकेट किपर रिचा घोषले चौंसट रन बनाए। दुई सय दुई रनको लक्ष्य पछयाउँदै ब्याटिङ गर्न मैदानमा उत्रीएको UAE बीस ओबरमा सात ह्विकेट गुमाएर

केवल एक सय तेहीस रन बनाउन सफल बन्यो। योसहित दुईवटा खेलमा विजय हासिल गर्न सफल भारतीय टोलीले चार अंक प्राप्त गरेको छ।

-------------------------------------x-------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- संसदको बजेट सत्रअघि आज सर्वदलीय बैठक सम्पन्न, सदनको कार्यवाही सुचारू सञ्चालन गर्न सबैलाई सरकारको आह्वान
- निपाह भाइरसबाट संक्रमित चौध वर्षीय किशोरको मृत्यू
- BSF-अनुसार नेपालका तीनजनासहित लगभग तीन सय तीह्तरजना भारतीय विद्यार्थी हिजो त्रिपुरामा दुईवटा एकीकृत जाँच चौकी पार
- इस्रायली प्रधानमन्त्रीले गर्नुभयो आफ्नो देशको रक्षा गर्ने प्रतिबद्धतालाई लिएर भिडियो सन्देश जारी अनि
- मौसम विभागले गऱ्यो गुजरातका केही स्थानमा चौबीस घण्टाका लागि रेड अलर्ट जारी